बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल
V32P+FV Dedgaun

प.स.: २०८१/८२
च.नं.: १६०0

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति : २०८१/१२/२५

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८१/१२/२७ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

..................................
(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत
**उज्वल बहादुर बस्नेत**
**प्रमुख प्रशासकीय अधिकृत**



CamScanner

आज मिति २०८१/१२/२७ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति :</u>

| क.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

अन्य उपस्थिति :

श्री मिलन श्रेष्ठ लेखा प्र. अ.

श्री

## मिति २०८१/१२/२७ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ को लागि गण्डकी प्रदेश सरकारमा समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम माग गर्ने सम्बन्धमा ।

३. विपद व्यवस्थापन समितिको निर्णय प्रमाणीकरण सम्बन्धमा ।

४. १५ शैया आधारभूत अस्पतालको अन्तिम भुक्तानी सम्बन्धमा ।

५. डी.पी.आर. अनुमोदन सम्बन्धमा ।

६. गाउँपालिका र मचेडी सामुदायिक स्वास्थ्य इकाईको लागि निःशुल्क जग्गाको सूचना माग सम्वन्धमा ।

७. मेडिकल अधिकृतको राजिनामा स्वीकृत सम्बन्धमा ।

८. विविध विषयका सम्वन्धमा ।

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

९. बाहरखोला खानेपानी

१०. स्वर्ती आधारभूत ओडा व्यवस्थापन

११. सडक ग्राभेल

१२. घिमलाधारा खानेपानी मोटर खरिद

१३. काली गण्डकी नदीजन्य पदार्थ व्यवस्थापन

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गतेको आ.व. २०८१/०८२ को दशौं बैठकका निर्णयहरु :

<u>निर्णय नं.१ :</u>

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

<u>निर्णय नं.२ :</u>

प्रस्ताव नं. २ माथि छलफल गर्दा गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखराको प.सं. २०८१/०८२ च.नं. ४९४ मिति २०८१/१२/१३ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो पत्रानुसार प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि तपसिलका विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (दोस्रो संशोधन) कार्यविधि, २०८१ को अनुसूची-३ बमोजिमको ढांचामा २०८२ साल वैशाख १३ गतेभित्र गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरामा कार्यक्रमको प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

<u>प्रदेश सरकारसंग माग गर्ने योजनाको विवरण :</u>

| समपूरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यकमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. सिंहटारी देखि वि.पी. चोक गाउँपालिका हुँदै अकलादेवी मन्दिरसम्म सडक कालोपत्रे, बौदीकाली-२ | लागत अनुमान अनुसार | १ | क्रमागत |
| २. वेलभञ्याङ मा.वि. देखि ३ नं. वडा कार्यालयसम्म सडक स्तरोन्नति, बौदीकाली-३ | लागत अनुमान अनुसार | २ | नयाँ |

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गतेको आ.व. २०८१/०८२ को दशौं बैठकका निर्णयहरु :

| विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम | | | |
|---|---|---|---|
| आयोजना वा कार्यक्रमको नाम | अनुमानित लागत रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
| १. मिथुकरम स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न, बौदीकाली-१ | लागत अनुमान अनुसार | १ | नयाँ |

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८१ साल चैत्र १३ गते बुधवारका दिन वसेको विपद व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा १५ शैया आधारभूत अस्पतालको अन्तिम बिल भुक्तानीको सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति योजना तथा अनुगमन महाशाखा, रामशाहपथ, काठमाडौंको च.नं. १०४४ मिति २०८१/१०/०९ गतेको पत्रानुसार गाउँपालिकाबाट बाँकी रकम भुक्तानी गर्नुपर्ने देखिएको र श्री माउन्टेन इन्फ्रा कम्पनी लिमिटेडका तर्फबाट पेश भएको बिलमा कार्यालयका प्राविधिकबाट रुजु गरी कायम गरिएको अन्तिम भुक्तानी बिल रकममा आ.व. २०८०/०८१ को महालेखापरीक्षकको कार्यालयको प्राप्त प्रतिवेदन अनुसार असुल उपर गर्नुपर्ने बेरुजु रकम रु. ९०,१८,४९७/- (नब्बे लाख अठार हजार चार सय सन्तानब्बे रुपैया) का लागि कार्यालयको तर्फबाट पत्राचार गरिएकोमा हालसम्म दाखिला नभएकोले सो बेरुजु वापतको रकम कट्टा गरी गाउँपालिकाको आन्तरिक खातामा राखी बाँकी रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा बौदीकाली-४ र बौदीकाली-६ जोड्ने इल्दी खोला थर्पुघाट स्थित प्रस्तावित झोलुङ्गे पूलको DPR संशोधन गरी स्वीकृत गर्ने निर्णय गरियो साथै बौदीकाली-६ स्थित च्वार्दी खोला पूलको DPR स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बौदीकाली गाउँकार्यपालिकाको कार्यालय र बौदीकाली-१ स्थित मचेडी सामुदायिक स्वास्थ्य इकाईको लागि उपयुक्त स्थानमा निःशुल्क जग्गा प्राप्तिको लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

CamScanner

**निर्णय नं.७ :**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा बौदीकाली गाउँपालिका अन्तर्गत रकुवा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अधिकृत श्री पारस कुँवरको राजिनामा मिति २०८२/०१/०१ गते देखि लागू हुने गरी निर्णय गरियो । साथै निजको सट्टामा वैकल्पिक उम्मेदवारको लागि प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरालाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं.८ :**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- बौदीकाली गाउँपालिकामा गण्डकी प्रदेश सरकार, संघीय सरकार तथा जिल्ला स्थित विभिन्न कार्यालयहरुबाट संचालन भईरहेका पूर्वाधार विकास अन्तर्गतका आयोजनाहरुको नियमित निगरानी तथा अनुगमनका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको ठेक्का नं. BRM/NCB/WORKS-०१/२०८१/०८२ बाहा खोला खानेपानीको गाउँपालिकाले लागत अनुमान तयार गरी ठेक्का सम्झौता मार्फत कार्य सुरु गरेको अवस्थामा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँबाट सोहि स्थानमा सोहि प्रकारको कार्य संचालन गरेको हुँदा गाउँपालिकाको लागत अनुमान अनुसारको जी.आई. पाइप खपत नहुने भएकोले भेरिएसन आदेश (VO) स्वीकृत गर्ने निर्णय गरियो ।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत बहुक्षत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक युरोपियन युनियनबाट हालसम्म फुकुवा नभएकोले फुकुवा पश्चात सोधभर्ना हुने गरी बौदीकाली गाउँपालिकामा कार्यरत पोषण सहजकर्तालाई करार सेवा कर्मचारी शिर्षकबाट पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-१, मिथुकरम निवासी पदम बहादुर कार्कीको कुखुरा फर्मलाई ५० वाटको सोलार उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-१, मिथुकरम निवासी बाख्रा पालक किसान धन बहादुर कार्कीलाई निःशुल्क सर्भिस केवल उपलब्ध गराउने निर्णय गरियो ।
- गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं. ६४ मिति २०८१/१२/०६ गतेको प्राप्त पत्र अनुसार महासंघको विधान २०७४ एवं महासंघको राष्ट्रिय परिषदको प्रथम बैठकको स्वीकृत प्रस्ताव अनुसार चालु आ.व. २०८१/०८२ को सदस्यता शुल्क रु.३०,०००/- (तिस हजार रुपैया मात्र) **"विभिन्न संघ संस्था सहायता"** शिर्षकबाट गाउँपालिका राष्ट्रिय महासंघ नेपालको बैंक खातामा भुक्तानी गर्ने निर्णय गरियो।

- बौदीकाली गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत नीति तथा कार्यक्रम र बजेट अनुसार आँखा उपचार केन्द्र संचालन खर्चको लागि रु. ६,००,०००/- (छ लाख रुपैया मात्र) विनियोजन भएको छ । नेपाल नेत्रज्योति संघ, भरतपुर आँखा अस्पताल र यस गाउँपालिका बीच मिति २०८० साल असोज २६ गते भएको द्विपक्षीय सम्झौता अनुसार बौदीकाली-२, डेढगाउँ, बालीघाट स्थित आँखा उपचार केन्द्र स्थापना भई निरन्तर सेवा संचालन भैरहेकोले आ.व. २०८१/०८२ को श्रावण देखि पौष महिनासम्मको प्राप्त अर्धवार्षिक प्रगति प्रतिवेदन अनुसार हाल जम्मा रकम रु. ३,००,०००/-(तिन लाख रुपैया मात्र) सम्बन्धित अस्पतालको बैंक खातामा भुक्तानी दिने निर्णय गरियो ।
- सडक दुर्घटना न्यूनीकरणका लागि सडक छेउमा रहेका झाडी तथा बुट्यान हटाउन माइकिङ गरी आम गाउँबासीलाई सचेत गराउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको तपसिलका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

  क. बौदीकाली गाउँपालिकाको सिक्दै कमाउंदै कार्यक्रम संचालन कार्यविधि, २०८१

  ख. बौदीकाली गाउँपालिकाको विद्यालयमा सिप सिकाइ कार्यक्रम संचालन कार्यविधि, २०८१

  ग. बौदीकाली गाउँपालिकाको लोकसेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा संचालन कार्यविधि, २०८१

  घ. बौदीकाली गाउँपालिकाको सट्टा शिक्षक व्यवस्थापन कार्यविधि, २०८१

  ङ. बौदीकाली गाउँपालिकाको एस.ई.ई. तयारी कक्षा संचालन कार्याविधि, २०८१

  च. बौदीकाली गाउँपालिकाको अनुगमन तथा मुल्यांकन कार्यविधि, २०८१

  छ. बौदीकाली गाउँपालिकाको एकल पुरुष सामाजिक संरक्षण सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८१ ।
- बौदीकाली गाउँपालिकाले विभिन्न प्रयोजनको लागि बौदीकाली गाउँपालिकाको प्रशासकीय भवनमा रहेको हल उपलब्ध गराए वापत तपसिल बमोजिम हल भाडा कायम गर्ने निर्णय गरियो ।
  - ➢ सभा हल भाडा-२०००, कार्यपालिका हल भाडा-१०००
- बौदीकाली गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार प्र.अ. मासिक भत्ता थप शिर्षकमा रु. ४,००,०००/ बजेट रकम विनियोजन भएकोमा सो बजेट कार्यान्वयनका लागि तहगत रुपमा प्र.अ. बैठक भत्ता थप गर्ने निर्णय गरियो ।
  - ➢ माध्यमिक तह (कक्षा १-१२) सम्म रु. २०००/-
  - ➢ माध्यमिक तह (कक्षा १-१०) सम्म रु. १५००/-

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गतेको आ.व. २०८१/०८२ को दशौं बैठकका निर्णयहरु :

आधारभूत
- ~~माध्यमिक तह~~ (कक्षा १-८) सम्म रु. १०००/-

आधारभूत
- ~~माध्यमिक तह~~ (कक्षा १-३/१-५) सम्म रु. ८००/-

- भूमि सम्बन्धी गाउँपालिका स्तरीय सहजीकरण समिति तथा वडा स्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम, कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाडौंको च.नं. २४२ मिति २०८१/११/२३ गतेको प्राप्त पत्र बैठकमा पेश भई जानकारी भयो । सो सम्वन्धमा यस कार्यालयमा सूचना प्रविधि अधिकृत पदमा करार सेवामा कार्यरत श्री मिलन श्रेष्ठलाई नियमानुसार चाडपर्व खर्च र पोशाक भत्ता, महंगी भत्ता लगायत उपलब्ध गराउने गरी सातौं तहको करार सम्झौता माघ १ गते देखि लागू हुने गरी गर्ने गराउने निर्णय गरियो ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सुशासन प्रवर्द्धन शाखा, सिंहदरवार, काठमाडौंको प.सं. ०८१/०८२ च.नं. २३८ मिति २०८१/१२/१४ गतेको पत्र र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार तथा अन्तराष्ट्रिय सन्धि सम्झौता महाशाखाको प,सं. २०८१/०८२ च.नं. मा.अ./७/२५१ मिति २०८१/१२/१० गतेको प्राप्त पत्र अनुसार कार्यान्वयनमा रहेको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व.२०७७/७८-२०८१-८२) को हालसम्मको प्रगति विवरण सम्बन्धित शाखाहरुसंग माग गरी उपलब्ध गराउने निर्णय गरियो ।
- वौदीकाली गाउँपालिकाको स्विकृत वार्षिक कार्यक्रम अनुसार सडक ग्राभेलको लागि वडा कार्यालयहरुवाट प्राप्त विवरण तथा पूर्वाधार विकास शाखाको मुल्यांकन र सिफारिस बमोजिम सडक ग्राभेलको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट अनुसार ज्येष्ठ नागरिक सम्मान कार्यक्रम रहेकोले वडागत विवरण प्राप्त पश्चात आवश्यक जिन्सी सामग्री वितरण गर्ने निर्णय गरियो ।
- बौदीकाली-१ निवासी शिशिर बस्याल दुर्घटनामा परि घाइते भएको र निजको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयबाट सिफारिस प्राप्त भई आएकोले सम्बन्धित अस्पतालको विल भरपाई प्राप्त पश्चात निजलाई रु.१५,०००/- (पन्ध्र हजार रुपैया मात्र) “राहत, उद्दार आर्थिक सहायता र पुनःस्थापना खर्च” शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- त्रिभुवन विश्वविद्यालय, Institute of Science & Technology, Central Campus Of Technology, Dharan को Ref No. : ६५१/२०८१/०८२ मिति २०८१/१०/२७ गतेको

प्राप्त पत्र अनुसार सोहि क्याम्पसमा बि.टेक. खाद्य प्रविधि चौथो वर्षमा अध्ययनरत छात्रा निरुता थापाले "Preparation & Evaluation of Dehydrated Mung Bean Sprouts as a Snack" विषयमा आफ्नो स्नातक तहको सोधकार्य गरिरहेको र निजको परिवार आर्थिक रुपले विपन्न रहेको भनी वडा कार्यालयबाट सिफारिस प्राप्त भई आएकोले निजलाई आवश्यक कागजपत्र प्राप्त पश्चात रु. १०,०००/- "राहत, उद्दार आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- त्रिभुवन विश्वविद्यालय, Institute of Science & Technology, Central Campus Of Technology, Dharan को Ref No. : ६५१/२०८१/०८२ मिति २०८१/१०/२७ गतेको प्राप्त पत्र अनुसार सोहि क्याम्पसमा बि.टेक. खाद्य प्रविधि चौथो वर्षमा अध्ययनरत छात्रा अप्सरा थापा मगरले "Evaluation of Antioxidant Activity of Tea Blends Formulated Using Orange Peel, Ginger and Lemon Grass" विषयमा आफ्नो स्नातक तहको सोधकार्य गरिरहेको र निजको परिवार आर्थिक रुपले विपन्न रहेको भनी वडा कार्यालयबाट सिफारिस प्राप्त भई आएकोले निजलाई आवश्यक कागजपत्र प्राप्त पश्चात रु. १०,०००/- "राहत, उद्दार आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखरा, अन्तर्वार्ता तथा सिफारिस शाखाको प.सं. २०८१/०८२ च.नं. ७३४ मिति २०८१/१२/२२ गतेको उम्मेदवार सिफारिस सम्बन्धी पत्र अनुसार (विज्ञापन नं. ७०१७/२०८१-०८२ सेवा,समूह स्थानीय कृषि,ला.पो.डेडे. तह सातौं पद पशु विकास अधिकृत सूचना नं. र निर्णय मिति ४७७/२०८१-०८२, २०८१/१२/२१) यस गाउँपालिकामा सिफारिस हुनुभएका लम्कीचुहा नगरपालिका-१०, कैलाली स्थायी बसोबास भएका पशु विकास अधिकृत श्री मिन कुमार चौधरीलाई स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम मिति २०८१/१२/२७ गतेदेखि लागू हुने गरी स्थायी नियक्ति दिने निर्णय गरियो।
- बौदीकाली-१, मिथुकरम स्थित नरमछाप लिफ्टिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई बौदीकाली गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८० र बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।
- बौदीकाली-५, बबक स्थित श्री बबक आमा समूहलाई बौदीकाली गाउँपालिकाको संस्था दर्ता ऐन, २०७८ बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गतेको आ.व. २०८१/०८२ को दशौं बैठकका निर्णयहरु :

- बौदीकाली-१, मिथुकरम स्थित चारघरे लिफ्टिङ्ग खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई बौदीकाली गाउँपालिकाको जलस्रोत तथा मुहान दर्ता सम्बन्धी कार्यविधि, २०८० र बौदीकाली गाउँपालिकाको जलस्रोत ऐन, २०८० बमोजिम दर्ता गरी प्रमाणपत्र जारी गर्ने निर्णय गरियो ।
- बौदीकाली-४ निवासी मान बहादुर सिंजाली मगरको श्रीमती वर्ष ५० कि हिमसरा सिंजाली मगर रुखबाट लडी नसा च्यापिएर हातखुट्टा नचल्ने भएको र निजको आर्थिक अवस्था कमजोर भएको भनी वडा कार्यालयबाट सिफारिस प्राप्त भई आएकोले सम्बन्धित अस्पतालको बिल भरपाई प्राप्त पश्चात निजलाई रु.१०,०००/- (दश हजार रुपैया मात्र) "राहत, उद्दार आर्थिक सहायता र पुनःस्थापना खर्च" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- २०८१ सालको चैत्र पुर्णिमाको अवसरमा बौदीकाली-२, डेढगाउँमा मिति २०८१ साल चैत्र ३० गते देखि २०८२ साल वैशाख ०३ गतेसम्म संचालन भएको चैत्र पुर्णिमा मेला एवं डेढगाउँ अकलादेवी कप-२०८१ खुल्ला अन्तरपालिका भलिबल प्रतियोगितामा बौदीकाली गाउँपालिकाको ३ वटा टिमलाई जर्सी प्रदान गर्ने र सम्बन्धित फर्मको बिल भरपाई प्राप्त पश्चात नियमानुसार करकट्टी गरी भुक्तानी दिने निर्णय गरियो ।
- NWASH गणक बौदीकाली-२, डेढगाउँ निवासी ओम बहादुर श्रेष्ठलाई सेवा करार सम्झौताको बुंदा नं. ९ बमोजिम निरन्तरता दिने भनी निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको स्वामित्वमा रहेको ग १ ग २५६ नं. को ब्याकहो लोडरको लागि नाली तथा खानेपानीको पाइप व्यवस्थापन गर्न प्रयोग हुने सानो बकेट (१२ इन्च) खरिद गरी कन्टिनजेंसी रकमबाट खर्च हुने गरी सम्बन्धित फर्मलाई बिल रकममा नियमानुसार करकट्टी पश्चात बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।
- बौदीखोलाका कुनै पनि घाटमा ३ (तिन) पटकसम्म ठेक्का आव्हान गर्दा पनि ठेक्का नलागेकोले नेपाल सरकारद्वारा जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ मा व्यवस्था भए बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट संचालित आयोजनाहरुलाई आवश्यक पर्ने नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी यस गाउँपालिकाको आर्थिक ऐन, २०८१ को स्वीकृत दरमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको व्यवस्था गर्ने निर्णय गरियो । साथै वडा कार्यालयको र प्राविधिकको सिफारिसमा बौदीकाली गाउँपालिकाबासी जनताको घरगोठ निर्माणका लागि सोहि दरमा निर्माण सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/१२/२७ गतेको आ.व. २०८१/०८२ को दशौं बैठकका निर्णयहरु :

- जिल्ला ब्याडमिन्टन संघ नवलपुरले मिति २०८१ साल चैत्र २२ र २३ गते योङ्ग स्टार क्लबको कभर्ड हलमा आयोजना गरेको जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता-२०८१ लाई रु.१०,०००/- (रुपैया दश हजार मात्र) **"विभिन्न संघ संस्था सहायता"** शिर्षकवाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँ निवासी कृषक पदम बहादुर वि.क. को प्राप्त निवेदन उपर छलफल गर्दा निजको बाखा फर्मलाई खसी बनाउने साँचो र बाखाको ज्वरो नाप्ने मिटर **"राहत, उद्धार आर्थिक सहायता र पुनःस्थापना खर्च"** शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।
- बौदीकाली-५, बबकमा नव विहानी युवा क्लबले नव वर्ष २०८२ सालको उपलक्ष्यमा संचालन गर्न लागिरहेको टोल स्तरीय पुरुष, महिला भेट्रान्स भलिबल प्रतियोगिता तथा कौडा नृत्य प्रतियोगिता कार्यक्रमका लागि **"चाडपर्व महोत्सवहरुको जगेर्ना"** शिर्षकबाट रु.२०,०००/- (बिस हजार रुपैया मात्र) नव विहानी युवा क्लबको बैंक खातामा भुक्तानी दिने निर्णय गरियो।
- बौदीकाली-३, रकुवा स्थित सिमलधारा लिफ्ट खानेपानीको मोटर बिग्रिएकोले खानेपानी तान्नको लागी १ थान खानेपानी मोटर उपलब्ध गराउने निर्णय गरियो ।